आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.
RSDC LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'घ' वर्गको थोक लघुकर्जा प्रदायक राष्ट्रियस्तरको वित्तीय संस्था)

केन्द्रीय कार्यालय: बुटवल-१०, रुपन्देही फोन नं. : ०७१-४३८५१३, ४१५०१३,
Email: info@rsdcmf.com | URL: www.rsdcmf.com

INTERIM FINANCIAL STATEMENT

Condensed Statement of Financial Position (As on Quarter Ended 32nd Asar, 2082)

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash and cash equivalents	1,832,294,228	239,348,980
Statutory Balances and Due from Nepal Rastra Bank	35,046,724	55,055,277
Placement with Bank and Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans and advances to MFIs & Co-operatives	6,244,362,745	6,306,102,101
Loans and advances to customers	12,993,367	8,556,708
Investment securities	2,000,000	2,000,000
Current tax assets	45,240,000	-
Investment property	-	-
Property and Equipment	2,421,793	4,415,150
Goodwill and Intangible assets	458,260	144,640
Deferred Tax Assets	2,172,013	2,172,013
Other Assets	47,855,127	16,854,943
Total Assets	**8,224,844,256**	**6,634,649,812**
Particulars	**This Quarter Ending**	**Immediate Previous Year Ending**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Ratsra Bank	-	-
Derivative Financial Instrument	-	-
Deposits from customers	-	-
Borrowings	6,809,057,806	5,359,331,019
Current Tax Liabilities	44,971,211	11,869,002
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other liabilities	68,376,807	57,239,664
Debt securities issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**6,922,405,823**	**5,428,439,685**
Equity		
Share Capital	1,034,064,417	944,351,065
Share Premium	-	-
Retained Earnings	85,431,668	97,328,893
Reserves	182,942,348	1,64,530,169
Total Equity	**1,302,438,433**	**1,206,210,127**
Total Liabilities and Equity	**8,224,844,256**	**6,634,649,812**

Condensed Statement of Profit or Loss (As on Quarter Ended 32nd Asar, 2082)

Particulars	2082 Asar End		2081 Asar End Corresponding	
	This Quarter	Upto this Quarter	This Quarter	Upto this Quarter
Interest income	135,897,146	600,109,225	174,478,687	872,154,471
Interest expense	(82,304,386)	(375,551,303)	(98,678,723)	(582,310,142)
Net interest income	**53,592,759**	**224,557,921**	**75,799,964**	**289,844,329**
Fees and commission income	1,701,000	9,006,750	(13,452,987)	18,182,013
Fees and commission expense	(125,000)	(4,343,892)	7,337,725	(2,802,500)
Net fee and commission income	**1,576,000**	**4,662,858**	**(6,115,262)**	**15,379,513**
Net interest and commission income	**55,168,759**	**229,220,779**	**69,684,701**	**305,223,841**
Net trading income	-	-	-	-
Other operating income	152,874	1,220,240	(90,337)	45,000
Total operating income	**55,321,633**	**230,441,020**	**69,594,364**	**305,268,841**
Impairment charge/(reversal) for loans and other losses	(8,190,086)	26,821,736	(80,328,752)	(6,566,204)
Net operating income	**63,511,719**	**203,619,284**	**149,923,116**	**311,835,045**
Operating expense	**(15,023,920)**	**(53,720,246)**	**(21,358,312)**	**(60,378,794)**
Personnel expense	(9,353,933)	(37,886,264)	(17,499,784)	(46,535,882)
Other Operating expense	(5,058,444)	(13,447,025)	(2,430,472)	(10,671,437)
Depreciation and Amortization	(611,543)	(2,386,957)	(1,428,056)	(3,171,476)
Operating Profit	**48,487,799**	**149,899,038**	**128,564,804**	**251,456,251**
Non-operating Income	5,000	5,000	669,603	669,603
Non-operating expense	-	-	-	-
Profit before income tax	**48,492,799**	**149,904,038**	**129,234,407**	**252,125,854**
Income tax expense	(15,194,170)	(46,707,999)	(73,515,787)	(110,383,221)
Current Tax	(14,547,839)	(44,971,211)	(39,159,942)	(76,027,376)
Previous Year Tax	(646,331)	(1,736,788)	(35,631,417)	(35,631,417)
Deferred Tax	-	-	1,275,572	1,275,572
Profit /(loss) for the Period	**33,298,630**	**103,196,039**	**55,718,620**	**141,742,634**

Condensed Statement of Comprehensive Income

Profit for the period	33,298,630	103,196,039	55,718,620	141,742,634
Other comprehensive income	-	-	-	-
Total Comprehensive income	**33,298,630**	**103,196,039**	**55,718,620**	**141,742,634**
Basis Earning per Share	-	9.98%	-	15.01%
Diluted Earnings per share	-	9.98%	-	15.01%
Profit for the period	**33,298,630**	**103,196,039**	**55,718,620**	**141,742,634**

Ratio as per NRB Directive

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
Capital fund to RWA		18.45%		18.49%
Non-Performing loan (NPL) to total loan		3.34%		3.31%
Net NPL to Net Loan		0.36%		1.06%
Total loan loss provision to Total NPL		132.22%		154.80%
Cost of funds		6.17%		10.87%
Credit to Deposit and Borrowing Ratio		91.71%		117.67%
Base Rate		6.96%		9.81%
Interest Rate Spread		1.43%		2.54%

Statement of Distributable Profit or Loss (For the Quarter Ended 32nd Asar 2082)

Net Profit for the period end of Fourth quarter 2081/82	**103,196,039**
Appropriation	**(21,593,993)**
a. General Reserve	(20,639,208)
b. Foreign Exchange Fluctuation Fund	-
c. Capital Redemption Reserve	-
d. Corporate Social Responsibility Fund	(1,031,960)
e. Employees Training Fund	(52,215)
f. Client Protection Fund	(1,547,941)
g. Other	1,677,331
- CSR expenses through PL	1,677,331
Regulatory Adjustments:	**935,832**
a. Interest Receivable (-)/previous accrued interest received (+)	935,832
b. Short loan loss provision in accounts (-)/reversal (+)	-
c. Short provision for possible losses on investment(-)/reversal(+)	-
d. Short provision for possible losses on Non-Banking Assets (-)/reversal (+)	-
e. Deferred Tax Assets recognized(-)/reveral(+)	-
f. Goodwill recognized (-)/Impairment of Goodwill(+)	-
g. Bargain purchase gain recognized (-)/reversal (+)	-
h. Actuarial Loss recognized (-)/reversal (+)	-
i. Other	-
Net profit for the Quarter end of Asar 2082 available for distribution	**82,537,878**
Opening Retained Earnings as of Shrawan 01 2081	**97,328,893**
Adjustment (+/-)	
Distribution:	**94,435,107**
Bonus Share Issued	89,713,351
Cash Dividend Paid	4,721,755
Total Distributable Profit or (loss) as on Quarter end date 2082 Asar	**85,431,664**
Annualized Distributable Profit/(loss) per Share	**7.98%**

Notes to Interim Financial Statements:

1. Above financial statements are prepared in accordance with Nepal Financial Reporting Standard (NFRS) as per NRB directive
2. Loans and Advances to MFIs & Co-operatives are presented net of loan impairments.
3. Loans and Advances to employees are presented as Loans and Advances to customers.
4. Figures have been rearranged and regrouped wherever necessary.
5. The above figures are subject to change if directed by regulatory authorities or external audit.
6. Actuarial valuation of gratuity and leave is done at external audit only.
7. The Interim Financial Statement has been updated on Our website: www.rsdcmf.com.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४
(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)
आ.व. २०८१/८२ को चौथो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण :

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :

आ.व. २०८१/०८२ को चौथो त्रैमासिक अवधिको वासलात तथा नाफा-नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

सम्बन्धित पक्ष बिच भएको कारोवार सम्बन्धी विवरण :

क) ग्लोबल आइएमई बैंक लिमिटेडलाई २०८२ असार मसान्तसम्म तिर्नुपर्ने कर्जा सापट रकम रु. ९९,८४,८२,०००.८१ बाँकी रहेको छ ।

ख) ग्लोबल आइएमई बैंक लिमिटेडलाई २०८२ असार मसान्तसम्म ब्याज बापत रु. ३,००,७३,६६१.७९ भुक्तानी गरिएकोछ ।

ख) न्यूनतम रुपमा प्रमुख वित्तीय अनुपातहरु जस्तैः प्रति शेयर आम्दानी, P/E Ratio, प्रति शेयर नेटवर्थ, प्रति शेयर कुल सम्पत्तिको मूल्य, तरलता अनुपात सम्बन्धी विवरण :

वासलातको आधारमा कम्पनीको प्रमुख वित्तीय अनुपातहरु निम्नानुसार रहेका छन् ।

प्रति शेयर आम्दानी/(नोक्सान) रु.	९.९८	प्रति शेयर कुल सम्पत्तिको मूल्य रु.	७९५.३९
पी/ई रेसियो	७०.२६	तरलता अनुपात प्रतिशत	२६.९१
प्रति शेयर नेटवर्थ रु.	१२५.९५		

२) व्यावसायिक विश्लेषण :

क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण :

आ.व. २०८१/०८२ को चौथो त्रैमासिक अवधिमा संस्थाको खुद नाफा अघिल्लो आ.व. को सोही अवधिको तुलनामा २७ प्रतिशतले कमी भई रु.१०.३१ करोड रहेको छ । यस आवधिमा संस्थाको खुद कर्जा लगानी अघिल्लो आ.व. को सोही अवधिको तुलनामा करिब १ प्रतिशतले कमी आई रु. ६२४.४३ करोड रहेको छ । सोको अलावा संस्थाको समष्टिगत वित्तीय स्थिति, मौज्दात तथा तरलताको अवस्था सन्तोषजनक रहेको व्यवस्थापनको धारणा रहेको छ । समग्र अर्थतन्त्रमा छाएको आर्थिक सुस्तताको परिणाम स्वरुप बैंकिङ्ग क्षेत्रमा पर्याप्त तरलता र कर्जाको मागमा आएको कमी तथा घट्दो ब्याजदरका बावजुद पनि व्यावसायिहरुको मनोबल बढ्न नसकेको र कर्जाको माग न्यून रहेको तथा समग्र बैंकिङ्ग क्षेत्रको निष्कृय कर्जा बढेका कारण संस्थाको नाफा प्रभावित भएको छ ।

ख) आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :

लघुवित्त तथा सहकारीको क्षेत्रमा देखिएका विविध समस्याहरू हालसम्म पनि विद्यमान रहेकोले यस वित्तीय संस्थाले आगामी दिनमा साझेदार संस्थाहरूको प्रभावकारी निरीक्षण तथा अनुगमन गर्ने, कर्जा असुली कार्यलाई प्रभावकारी बनाई कर्जाको गुणस्तर कायम राख्ने तथा साझेदार संस्थाहरूको जोखिम व्यवस्थापन तथा क्षमता अभिवृद्धिका लागि विभिन्न प्रकारका तालिम, गोष्ठी तथा अन्तर्क्रिया लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै साझेदार संस्थाहरूको दिगो विकास गरी लक्ष्य हासिल गर्ने नीति लिएको छ ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरणः

सहकारी तथा लघुवित्तमा देखिएका विविध समस्याहरु हाल पनि विद्यमान रहेको परिप्रेक्ष्यमा व्यवसाय विस्तारको रणनीतिभन्दा पनि भइरहेको व्यवसायलाई गुम्न नदिन प्रतिस्पर्धात्मक व्याजदर कायम गर्ने, थप कर्जा प्रवाह गर्दा कर्जा विश्लेषण प्रक्रियालाई दुरूस्त बनाउने र कर्जा असुली कार्यलाई प्रभावकारी बनाउने रणनीति लिईएको छ । संस्थाको पूजी पर्याप्तता अनुपात बलियो रहेकोले अर्थतन्त्रमा आउने सुधारसंगै व्यवसाय विस्तारलाई गति दिन सहज हुने अनुमान गरिएको छ ।

३) कानूनी कारवाही सम्बन्धी विवरण :

क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए :

यस त्रैमासमा वित्तीय संस्थाको विरुद्धमा मुद्दा दायर गरेको जानकारी छैन । वित्तीय संस्थाले कर्जा असुलीको क्रममा कालोसूचीमा समावेश गरेको जमानतकर्ताले कालोसूचीबाट उन्मुक्ति पाउनको लागि वित्तीय संस्था विरुद्ध उच्च अदालत बिराटनगरमा अन्तरिम आदेश सहित उत्प्रेषणयुक्त परमादेश लगायत जे जो चाहिने आज्ञा आदेश जारी गरिपाउा भनी दायर गरेको मुद्दा प्रकृयामा रहेको । वित्तीय संस्थाले कर्जा असुलीका लागि चालिएको कानूनी प्रकृया बाहेक कसैको विरुद्ध कुनै मुद्दा दायर गरेको छैन ।

(ख)संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भएः

यस संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी छैन ।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भएः

यस संस्थाका संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा मुद्दा दायर भएको जानकारी छैन ।

४) संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :

शेयर कारोबारमा हुने उतार चढाव खुला बजारले निर्धारण गर्ने हुनाले सोही मूल्यमान्यता अनुरुप वित्तीय संस्थाको शेयरको कारोबार हुने गरेको व्यवस्थापनको धारणा रहेको छ ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या :

यस त्रैमासको अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लि.को वेबसाइट अनुसार निम्न बमोजिम रहेको छ ।

अधिकतम मूल्य रु.	७२८.७०	अन्तिम मूल्य रु.	७०१.१९	न्यूनतम मूल्य रु.	६३८.००
कारोबार भएको कुल दिन	६३	कारोवार संख्या	७,७१०	शेयर कारोवार (कित्ता)	१०,११,६७४

५) समस्या तथा चुनौती :

समस्या :

- ❒ लघुवित्त क्षेत्रमा कर्जाको दोहोरोपना तथा कर्जाको दुरूपयोग गर्ने प्रवृत्तिमा वृद्धि हुनु,
- ❒ सहकारी संस्थाहरूको प्रभावकारी नियमन अनुगमन गर्ने संयन्त्रको अभाव तथा सहकारी संस्थाहरू समस्याग्रस्त हुादै गएका कारण समग्र सहकारी क्षेत्रप्रतिको विश्वासमा आएको कमी,
- ❒ लघुवित्तका (सहकारी समेत) कार्यक्रमहरूलाई प्रभावित गर्ने गरी अवाञ्छित तत्वहरूबाट बेलाबेलामा हुने गरेका अराजक गतिविधिहरू,
- ❒ घट्दो वित्तीय अनुशासन, बढ्दो दण्डहीनता र त्यसले पैदा गरेको नैराश्य ।

चुनौती :

- ❒ बैंक तथा वित्तीय संस्थाहरूमा पर्याप्त तरलता तथा न्यून ब्याजदरका बावजुद कर्जाको माग हुन नसक्नु,
- ❒ समग्र बैंकिङ्ग क्षेत्र (सहकारी संस्था समेत) को निष्कृय कर्जा बढ्दै जानु,
- ❒ मुख्यतः लघुवित्त वित्तीय संस्थाहरूमा थोक कर्जा प्रदान गर्ने कार्यमा 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाहरूसागको सघन प्रतिस्पर्धा,
- ❒ संघ, प्रदेश तथा स्थानीय निकायले सहकारी/लघुवित्तको क्षेत्रमा लिने नीति,
- ❒ सरकार/नियामक निकायका निर्देशनहरू तथा नीतिमा हुन सक्ने परिवर्तन ।

रणनीतिः

संस्थाको व्यवसाय सुदृढिकरण गर्दै आगामी दिनमा अग्रणी थोक लघुकर्जा प्रदायक संस्थाको रुपमा स्थापित हुनका लागि निम्नानुसारका रणनीतिहरु अवलम्बन गरिनेछ ।

- ❒ साझेदार संस्थाहरूको नियमित निरीक्षण तथा अनुगमन,
- ❒ स्थानीय साझेदार संस्थाहरूको पहिचान, अनुगमन र सवलीकरण,
- ❒ साझेदार संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम तथा परामर्श सेवा,
- ❒ मर्जर/प्राप्ति जस्ता सम्भावनाको खोजी,
- ❒ आवश्यकता अनुसार अन्य निकायहरूसाग सहकार्य ।

६) संस्थागत सुशासन :

वित्तीय संस्थाले प्रचलित ऐन, कानुन तथा नीति नियम लगायत नियामकीय निकायहरूबाट प्राप्त निर्देशनको पालना गर्दै, प्रभावकारी आन्तरिक नियन्त्रण संयन्त्र स्थापना गर्नुका साथै दैनिक प्रशासनिक कार्यलाई नियमसङ्गत र प्रभावकारी बनाउनको लागि विभिन्न आन्तरिक नीति/निर्देशिकाहरू तर्जुमा गरी लागु गर्दै आएको र त्यस्ता नीति/निर्देशिकाहरू आवश्यकता अनुसार परिमार्जन/अद्यावधिक समेत गर्दै आइरहेको छ । यसका अलावा वित्तीय संस्थामा रहेका विभिन्न समिति तथा उपसमितिका साथै आन्तरिक तथा बाह्य लेखापरीक्षक तथा नियमनकारी निकायबाट प्राप्त निर्देशन तथा सुझावहरूको पालना गर्दै संस्थागत सुशासनलाई थप प्रभावकारी रूपमा कार्यान्वयन गर्न वित्तीय संस्था प्रतिवद्ध रहेको छ ।

७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण :

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरु सू-सूचित गर्न र निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।